## साइपाल गाउँपालिका
## काँडा बझाङ
## सुदूरपश्चिम प्रदेश, नेपाल

**आगामी आर्थिक बर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम**

**साइपाल गाउँपालिका, गाउँसभाका सदस्यहरु,**

**साइपाल गाउँपालिकाको १० औं गाउँसभाको तथा १९ औं अधिबेशनमा हार्दिक स्वागत गर्दछु ।**

साइपाल गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभाको वैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ ।

यस साइपाल गाउँपालिकाको विकास, सुधार र समृद्धिका लागि नेपालको संबिधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तव्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौ । साइपालको इतिहास, संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्धन र प्रवर्धन गर्नु हाम्रो पहिलो कर्तव्य हुन आएको छ । जडिबुटी, पर्यटन पशुपालन, धार्मिक तथा साँस्कृतिक सम्पदाय यस गाउँपालिकाका सम्भावनाका क्षेत्र हुन । सडक यातायात, भौतिक पूर्वाधार निर्माण तथा सञ्चारको व्यवस्थापन गर्नु यस पालिकाका लागि मुख्य चुनौतिको विषय रहेको छ । साइपालमा पाउने जडिवुटिको संरक्षण तथा जडिबुटी पाउने क्षेत्रमा फोहर ब्यबस्थापन लामो समयदेखि समस्याको रुपमा रहँदै आएको सन्दर्भमा यसको दीगो र बैज्ञानिक ब्यवस्थापन हाम्रो प्रस्थानबिन्दु बनेको छ । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण विकास गरी साइपाललाई बस्न योग्य गाउँ बनाउने हाम्रो ध्येय रहेको छ ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्वन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक विकास, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्याय निरुपण, मानव अधिकार प्रवर्धन जस्ता विषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आम साइपालवासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

**आर्थिक बर्ष २०८२/०८३ को नीतिको समीक्षा :**

आर्थिक वर्ष २०८२/०८३ मा साइपाल गाउँपालिकाले स्वीकृत नीति तथा कार्यक्रमअनुसार सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, संस्कृति संरक्षण तथा आयआर्जन प्रवर्द्धनका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरेको छ। सञ्चालन गरिएका प्रमुख कार्यक्रमहरूको समीक्षा देहायबमोजिम रहेको छ।

१. गाउँपालिकामा रहेका आर्थिक रूपमा विपन्न एकल पुरुष नागरिकहरूलाई सहयोग पुऱ्याउने उद्देश्यले मासिक रु. २ हजारका दरले सुरक्षा भत्ता उपलब्ध गराउने कार्य गरिएको छ।

२. लैंगिक समानता तथा छोरीप्रतिको सकारात्मक सोच विकास गर्न छोरी जन्माउने आमाहरूलाई प्रोत्साहन स्वरूप पुरस्कार वितरण गरिएको छ।

३. गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरूमा कक्षा १ देखि ८ सम्मको स्थानीय विषयको पाठ्यक्रम तयार गरी पठनपाठन कार्य सञ्चालन गरिएको छ।

४. सहकारी संस्थाहरूको क्षमता विकास गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा स्थानीय उत्पादनको प्रवर्द्धन गर्न सहकारीमार्फत कोसेली घर स्थापना गरिएको छ।

५. सडक यातायातको पहुँच विस्तार गर्ने उद्देश्यले जाँडलेकदेखि धलौनसम्म कच्ची सडक निर्माण कार्य गरिएको ।

६. गाउँपालिकाको शैक्षिक क्षेत्रको समग्र सुधारका लागि शिक्षा गुरुयोजना निर्माण कार्य सम्पन्न गरिएको छ।

७. बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत ६ महिनादेखि ५ वर्षसम्मका बालबालिकाहरूको स्वास्थ्य परीक्षण गरी पोषण अवस्था सुधारका लागि स्थानीय उत्पादनमा आधारित पोषणयुक्त खाद्य सामग्री ३७ जना बालबालिकालाई वितरण गरिएको छ। यसबाट बालबालिकाको स्वास्थ्य सुधार तथा पोषणसम्बन्धी सचेतना अभिवृद्धिमा सहयोग पुगेको छ।

८. बाढी, पहिरो तथा अन्य प्राकृतिक प्रकोपबाट क्षति भएका सडक तथा बाटोहरूको थप क्षति रोक्न आवश्यक बजेट व्यवस्था गरी मर्मत सम्भार गरिएको छ।

९. आर्थिक अवस्था कमजोर भएका बिरामी नागरिकहरूलाई स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउन आर्थिक सहायता उपलब्ध गराइएको छ।

CamScanner

१०. गाउँपालिकाभित्र रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रवर्द्धन गर्न विभिन्न मठ, मन्दिर तथा गुम्बाहरूको निर्माण तथा मर्मत सम्भार गरिएको छ।

११. घुली नाम्खा गुम्बा तथा काँडा स्वास्थ्य चौकीको सेवा प्रवाहलाई प्रभावकारी बनाउन सोलार प्रणाली जडान गरिएको छ।

१२. स्थानीय नागरिकको स्वास्थ्य सुधार गर्ने उद्देश्यले धुवाँरहित भान्छा निर्माण कार्यक्रम अन्तर्गत आधुनिक धुवाँरहित चुलो खरिद गरी वितरण गरिएको छ।

१३. आधारभूत तह कक्षा ५ र ८ को परीक्षालाई व्यवस्थित, प्रभावकारी र विश्वसनीय बनाउन पालिका स्तरीय नियमित परीक्षा सञ्चालन गरिएको छ।

१४. गाउँपालिकाभित्र रहेका स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रका लागि आवश्यक औषधी खरिद गरी नागरिकलाई निःशुल्क औषधी उपलब्ध गराउने व्यवस्था गरिएको छ।

१५. दुर्गम भौगोलिक अवस्था तथा स्वास्थ्य जोखिमलाई मध्यनजर गर्दै गम्भीर बिरामी तथा विपदबाट प्रभावित नागरिकहरूको हेलिकप्टरमार्फत उद्धार गरी समयमै उपचारको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

१६. गरिबसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत गरिबी न्यूनीकरण, स्वरोजगार प्रवर्द्धन तथा आयआर्जन वृद्धि गर्ने उद्देश्यले लक्षित वर्गका नागरिकहरूलाई साबुन बनाउने सीपमूलक तालिम सञ्चालन गरिएको छ। तालिमबाट सहभागीहरूले साबुन उत्पादनसम्बन्धी ज्ञान र सीप प्राप्त गरी घरेलु तथा साना उद्यम सञ्चालन गर्न प्रोत्साहित भएका छन्।

१७. कृषि क्षेत्रको विकास, स्थानीय उत्पादन वृद्धि तथा कृषकहरूको आयआर्जनमा सुधार ल्याउने उद्देश्यले गाउँपालिकामा व्यवसायिक कृषि कार्यक्रम सञ्चालन गरिएको छ। उक्त कार्यक्रम अन्तर्गत कृषकहरूलाई स्याउ, ओखर तथा आरुका बिरुवा वितरण गरी फलफूल खेती प्रवर्द्धन गर्ने कार्य गरिएको छ।

१८. सुरक्षित तथा गुणस्तरीय कृषि उत्पादनमा जोड दिँदै विषादीको उचित प्रयोग, विषादीबाट हुने असर तथा सुरक्षित कृषि अभ्याससम्बन्धी कृषकहरूलाई सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। यसबाट कृषकहरूमा विषादीको सही प्रयोग सम्बन्धी ज्ञान अभिवृद्धि भएको तथा मानव स्वास्थ्य र वातावरणमा पर्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्न सहयोग पुगेको छ।

अब म साइपाल गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८३।८४ को नीति र कार्यक्रम यस गाउँसभाको वैठकमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

साइपाल गाउँपालिकाको समग्र विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न देहायका रणनीतिहरु अवलम्बन गरिनेछन् ।

१. साइपालको संस्कृति र सम्पदाको संरक्षण, सम्बर्धन र प्रबर्दन गर्ने ।

२. सूचना तथा संचार प्रविधिको उच्चतम प्रयोग गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने ।

३. सांस्कृतिक पर्यटन, नव पर्वद्धनमा आधारित उद्यम र संस्थागत सुशासनलाई प्राथमिकतामा राखी योजना तथा कार्यक्रम संचालन गर्ने ।

४. स्थानीय शासनमा जनसहभागिता अभिवृद्धि गर्दै उत्तरदायी र पारदर्शी स्थानीय सरकारको भूमिका निर्वाह गर्ने ।

**शिक्षा सम्बन्धी नीति :**

१. स्थानीय पाठ्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक पाठ्यसामाग्री निर्माण गर्न विभिन्न कार्ययोजना बनाउने।

२. शिक्षक तथा विद्यालय कर्मचारीहरुको कार्यसम्पादन करार सम्झौतालाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ।

३. सामुदायिक विद्यालयको शैक्षिक स्तर अभिवृद्धि गराउन तथा शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण ल्याउन विज्ञ समूह (Roster Teacher) गठन गरिनेछ।

४. सामुदायिक विद्यालयका सबै प्र.अ. हरूको प्रशासनिक र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न तालिमको आवश्यक ब्यवस्था गरिनेछ।

५. सामुदायीक विद्यालयका प्रधानाध्यापक सँग कार्यसम्पादन सम्झौता गरिनेछ ।

६. अभिभावक सशक्तिकरण मार्फत शैक्षिक पहुँच अभिबृद्धिका लागि अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

७. साइपाल गाउँपालिकाभित्र रहेका सबै समुदायीक विद्यालयमा अध्ययनरत कक्षा ८ र कक्षा १० का विद्यार्थीहरुका लागि थप सहायता कक्षा सञ्चालनको ब्यवस्था गरिनेछ ।

८. सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या, भौगोलिक अवस्था लगायतका विषयलाई आधार बनाई शिक्षक दरवन्दी मिलान गरिनेछ ।

९. शैक्षिक गुणस्तर अभिवृद्धी गर्न उत्कृष्ट कार्यसम्पादनमा सहयोग पुयाउने शिक्षक, विद्यार्थी तथा अभिभावकलाई पुरस्कृत गरिनेछ।

१०. गरिव तथा असहाय जेहेन्दार विद्यार्थीहरुलाई सहिद वृषबहादुर सिंह बहुप्राविधिक शिक्षालयमा प्राविधिक शिक्षाको पठनपाठनका लागि निरन्तरता दिइनेछ ।

११. सामुदायिक विद्यालयमां कार्यरत स्वयंसेवक शिक्षक तथा कर्मचारीहरुलाई कार्यसम्पादन मुल्याङ्कनको दायरामा ल्याईनेछ ।

CamScanner

१२. माध्यमिक शिक्षामा आधारभूत प्राविधिक ज्ञान र सीप सहितको शिक्षा प्रदान गरी विद्यालय तह पूरा गर्दा कम्तिमा एउटा सीपमा स्वरोजगार हुनसक्ने जनशक्ति तयार गर्न काँडा माध्यमिक विद्यालयलमा कृषी प्राविधिक शिक्षा पठनपाठनको लागि निरन्तरता दिइनेछ ।

१३. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षकहरुलाई प्रविधिमैत्री सीप विकास, शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाई आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनेछ ।

१४. सामुदायिक विद्यालयहरुको विद्यालय परिसर सुधार कार्यक्रम संचालन गरिनेछ । यस अन्तर्गत शौचालय निर्माण र स्तरोन्नति, निःशुल्क सेनेटरी प्याड, पिउने पानीको प्रबन्ध गरिनेछ ।

१५. सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच, प्राथमिक उपचार र स्वास्थ्य सचेतनाको लागि गाउँपालिका अन्तर्गत सञ्चालित स्वास्थ्य केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई परिचालन गरिनेछ ।

१६. विद्यालय अनुगमनलाई प्रभावकारी बनाउन बहुपक्षिय अनुगमन टोलि मार्फत विद्यालय अनुगमनको व्यवस्था गरिनेछ ।

१७. गाउँपालिका भित्र सञ्चालित सामुदायीक विद्यालयमा अध्यापन गराउने शिक्षक तथा विद्यालय कर्मचारीहरुको अभिलेखलाई ब्यवस्थित गर्न विस्तृत विवरण सहितको प्रोफाईल तयार गरिनेछ ।

१८. सामुदायिक विद्यालयमा संचालित दिवाखाजा कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गर्न कोष स्थापना तथा आवश्यक कर्मचारी व्यवस्थापन गरि गरिनेछ ।

१९. आधारभुत तहको मुल्याङ्कन प्रकृयालाई विश्वसनिय र प्रभावकारी बनाउन नियमित रुपमा सञ्चालन हुँदै आएको कक्षा ५ र ८ को अन्तिम परिक्षा पालिका स्तरबाट सञ्चालन तथा ब्यवस्थापन गरिनेछ

२०. गाउँपालिका भित्र रहेका सामुदायीक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

## स्वास्थ्य सम्बन्धी नीति :

२१. स्वास्थ्य विमा कार्यक्रममा समावेश नभएका परिवारलाई स्वास्थ्य विमा कार्यक्रममा समावेश गराउने आवश्यक पहल गरिनेछ ।

२०. साइपाल गाउँपालिकामा स्थापित नागरिक आरोग्यता केन्द्रमा कार्यरत स्वास्थ्यकर्मी द्वारा नागरिक आरोग्यता प्रवर्धन गर्न उपयुक्त आहार, विहार, ध्यान, योग, प्राणायाम आदिबारे विद्यालय तह समेतमा सचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२१. सार्वजनिक स्थलमा धुम्रपानगर्न निषेध गर्ने व्यवस्था तथा सूर्तिजन्य पदार्थ नियन्त्रण तथा नियमन गर्ने कार्यलाई प्रभाकारी गरिनेछ ।

CamScanner

२२. गाउँ क्षेत्रभित्र रहेका सबै प्रकारका स्वास्थ्य संस्थाहरुको अभिलेख व्यवस्थित गरिनेछ ।

२३. कुपोषण मुक्त र पोषण युक्त वडालाई पुरस्कृत गरिनेछ ।

२४. सुत्केरी तथा गर्ववती महिलालाई अन्डा र झण्डा कार्यक्रम लागु गरिनेछ ।

२५. आयुर्वेद उपचार पद्धतिलाई प्रवर्धनगरी जनस्वास्थ्य सेवा अभिवृद्धि गरिनेछ ।

२६. क्षयरोग मुक्त पालिका बनाउनका लागि बिभिन्न सचेतनामुलक कार्यक्रम गरिनेछ ।

२७. गाउँपालिकामा रहेका हरेक स्वास्थ्य संस्थामा छुट्टै स्तनपान कक्षको स्थापना गरिनेछ ।

२८. पुर्ण खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२९. गाउँपालिकामा रहेका हरेक टोलका आमा समुहलाई सक्रिय पारी पुनःजागरण तथा शसक्तिकरण गरिनेछ साथै लागु औषध सम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिन्छ ।

३०. पालिकाका प्रत्येक वडामा रहेका सामुदायिक महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई उचित प्रोत्साहनको व्यवस्था गरिनेछ ।

३१. स्वास्थ्य संस्थालाई डिजिटाईजेसन गर्न प्रविधिमैत्री स्वास्थ्य संस्था बनाउदै लगिनेछ ।

३२. पालिकाका नागरिकहरूको स्वास्थ्य सुधार गरी निरोगी जीवनयापन सुनिश्चित गर्न नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्य सचेतना, पोषण, योग तथा व्यायाम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। यसमार्फत स्वस्थ, सक्षम र उत्पादनशील नागरिक निर्माण गर्दै **निरोगी पालिका** बनाउने लक्ष्य लिइनेछ।

३३. सम्बन्धि विभिन्न विद्यालय तथा सार्बजनिक संस्थामा योग शिविर तथा योग शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

३४. गाउँपालिकामा रहेका नागरिकहलाई स्वस्थ बनाउदै लगिनेछ साथै मानसिक रुपमा असन्तुलन रहेका ब्यक्तिहरुका लागि मानसिक स्वास्थ्य र आत्महत्या न्यूनिकरण गर्नका लागि बिभिन्न मनोपरामर्श लगायतका सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

३५. सबै स्वास्थ्य संस्था तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रको सेवा गुणस्तर सुधार गरी न्यूनतम सेवा मापदण्ड लागू गरिनेछ।

३६. दुर्गम तथा हिमाली बस्तीमा नियमित घुम्ती स्वास्थ्य शिविर तथा विशेषज्ञ स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।

३७. आवश्यक औषधि, स्वास्थ्य सामग्री तथा स्वास्थ्य सेवाको नियमित उपलब्धता सुनिश्चित गरिनेछ।

३८. सुरक्षित मातृत्व, संस्थागत सुत्केरी, नवजात शिशु स्वास्थ्य तथा पूर्ण खोप कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।

३९. बाल पोषण, कुपोषण न्यूनीकरण तथा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

CamScanner

४०. नसर्ने रोग, सरुवा रोग तथा महामारी नियन्त्रणका लागि स्वास्थ्य सचेतना, परीक्षण तथा निगरानी कार्यक्रम सञ्चालन गरिनेछ। साथै मानसिक स्वास्थ्य, मनोसामाजिक परामर्श तथा लागूपदार्थ नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

४१. स्वास्थ्य बीमामा नागरिकको पहुँच विस्तार तथा विपन्न नागरिकलाई स्वास्थ्य सेवामा सहजीकरण गरिनेछ।

४२. स्वास्थ्य चौकी, बर्थिङ सेन्टर, प्रयोगशाला तथा अन्य स्वास्थ्य पूर्वाधारको स्तरोन्नति गरिनेछ।

४३. टेलिमेडिसिन, एम्बुलेन्स तथा आकस्मिक स्वास्थ्य सेवा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।

४४. स्वास्थ्यकर्मीको क्षमता विकास, तालिम तथा दुर्गम क्षेत्रमा सेवा निरन्तरताका लागि प्रोत्साहन गरिनेछ।

४५. सुरक्षित खानेपानी, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रमसँग समन्वय गरिनेछ।

४६. महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन तथा "एक वडा—एक स्वास्थ्य प्रवर्द्धन कार्यक्रम" सञ्चालन गरिनेछ।

## पूर्वाधार विकास सम्वन्धी नीति :

४७. आगामी आर्थिक वर्षभित्रमा गाउँक्षेत्रभित्र रहेका वाटा घाटा, ढल, खानेपानी पाइपलाइन, विजुली वत्ति, लगायतका सवै भौतिक पूर्वाधारहरुको निर्माण तथा मर्मत गरिनेछ ।

४८. आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्ने कार्यलाई प्रथामिकता दिइनेछ ।

४९. नेपाल सरकार तथा विभिन्न संस्थाहरुको सहकार्यमा साइपाल गाउँपालिका क्षेत्रभित्रका विध्युत, इन्टरनेट लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।

५०. गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालय, सार्वजनिक संस्था तथा सार्बजनिक शौचालयहरुलाई स्तरोन्नति गरी अपाङ्गता, लैङ्गिक तथा बालमैत्रीबनाइनेछ ।

५१. गाउँ क्षेत्रभित्र रहेका पुराना ताल तलैया पुनर्स्थापन, संरक्षण तथा सम्बर्धन गरिनेछ ।

५२. साइपाल गाउँपालिकाको सिमा निर्धारणको लागि आवश्यक पहल गरिनेछ ।

५३. गाउँपालिकाभित्र निर्माण तथा सञ्चालन हुने भौतिक पुर्वाधार लगायतका कार्यका लागि वातावरणिय प्रभाव मुल्याङ्कन र विस्तृत परियोजना प्रतिवेदन तयार गरि सञ्चालनमा ल्याईनेछ ।

५४. यस बर्ष घलौन मा सोलार मिनिग्रेड निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

५५. धलौन देखी काँडा सम्म सडक निर्माण कार्यलाई निरन्तरता दिईनेछ भने जाडलेक देखी कुवा सम्म सडक निर्माणका लागी आवश्यक पहल गरिनेछ ।

५६. गाउँपालिकाको भौतिक पुर्वाधार विकास तथा अन्तराष्ट्रिय सम्बन्ध सुदृढ तथा विस्तारका लागि संघ तथा प्रदेश सरकारको समन्वयमा छिमेकी राष्ट्र चिन तथा भारतसँग भगिनी सम्बन्ध स्थापनाका लागि पहल गरिनेछ ।

५७. सबै नागरिकको स्वास्थ्यमा ध्यान राखी (WASH) स्वच्छता शुद्धता तथा सरसफाई सँग सम्वन्धित क्रियाकलाप संचालन गरिनेछ ।

## संस्कृति, सम्पदा तथा पर्यटन सम्बन्धी नीति :

५८. साइपाल गाउँपालिका भित्र रहेका धार्मिक, सास्कृतिक तथा पर्यटकिय क्षेत्रको पहिचान संरक्षण तथा प्रचार प्रसारका लागि आवश्यक पहल गरिनेछ साथै पर्यटन बोर्ड संग लागत साझेदारीमा योजनाहरु निर्माण गर्ने कार्य अगाडी बढाइनेछ ।

५९. होमस्टे संचालनका लागि आवश्यक पहल गरिनेछ ।

६०. पर्यटकिय गुरुयोजना निर्माणमा जोड दिईनेछ ।

६१. यस साइपाल गा.पामा अवस्थित सबै हिमालहरुको प्रचार प्रशार गरि पर्यटन भित्र्याउन विशेष पहल गरिनेछ ।

६२. साइपालको स्थानीय भाषाको संरक्षणका लागि धुलेली भाषाको लिपिलाई संरक्षण र सम्बर्धन गरिनेछ।

६३. साइपालमा संचालन हुने विभिन्न जात्रा पर्वहरुलाई राष्ट्रियस्तरमा परिचित गराई पर्यटन प्रबर्धन गरिनेछ ।

६५. साइपाल गाउँपालिकामा आउने पैदल यात्री तथा पर्यटकहरुका लागि जानकारी लिन पर्यटन सम्वन्धि सुचना बोर्डहरु राख्ने व्यवस्था मिलाईनेछ ।

६६. साइपाल गाउँपालिकाको पर्यटकिय क्षेत्रको अध्ययन अबलोकन तथा जानकारी पाउनका लागि (Tourism Map) पर्यटकिय नक्साङ्कन गरि पर्यटन प्रवद्धन गरिनेछ ।

६७. पर्यटन प्रवर्द्धन तथा विकासको लागि हेली मार्गको विस्तारका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

६८. पर्यटकिय स्थलहरु साइपाल कालगंगा साइपाल हिमाल राक्सया हिमाल उरै लेक फराल खेत झरना पर्यटकिय आर्कशणका लागी प्रचार प्रसार गरिनेछ

६९. पर्यटकिय रुटलाइ बझाङको साइपाल बाट सबै भन्दा छोटो दुरीको पहिचान गरि प्रचार प्रसार का लागी सम्बन्धीत निकाय संग पहल गरि यस बर्ष यस गापालिकाको पर्यटकीय स्थलमा पर्यटकीय सम्मेलन गरिनेछ ।

७०. परामर्शदाता मार्फत साइपाल हिमालको वेशक्याप सम्मको यात्राको रुट लाइ काठमाडौं स्थित व्यवसाय संचालन तथा पर्यटकिय संस्थाहरु विच छलफल तथा समन्वय गरि प्रचार प्रसारका क्रियाकलापहरु गरिनेछ ।

## फोहर व्यबस्थापन तथा प्रदुषण नियन्त्रण सम्बन्धी नीति :

७१. गाउँभित्रको जल, जमिन, बायु प्रदुषण नियन्त्रण गरी स्वच्छ बातावरण प्रबर्धन गर्न आवश्यक कार्यक्रम बनाई संचालन गरिनेछ ।

७२. साइपाल गाउँपालिकालाई स्वच्छ, सफा र वातावरणमैत्री पालिकाको रूपमा विकास गर्न फोहर व्यवस्थापन तथा प्रदूषण नियन्त्रणका कार्यक्रम सञ्चालन गरिनेछ।.

७३. फोहरको उचित संकलन, व्यवस्थापन तथा सरसफाइ अभियानलाई प्रभावकारी बनाउँदै वातावरण संरक्षण र जनस्वास्थ्य प्रवर्द्धनमा विशेष जोड दिइनेछ।

७४. धुवा रहित चुलो प्राप्त नगरेका घरधुरीहरुलाई धुवारहित चुलो खरिद गरि वितरण गरिनेछ ।

## संस्थागत बिकास तथा सुशासन सम्बन्धी नीति :

७५. साइपाल गाउँपालिकाको संगठन संरचना, स्वीकृत दरवन्दी र पदाधिकारी तथा प्रशासनिक एकाइहरुको कार्य विवरणप्रभाबकारी रुपमा कार्यान्वयन गरिनेछ ।

७६. न्यायीक समितिको प्रभावकारी कार्यसम्पादनका लागी आवश्यक संस्थागत विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम तय गरिनेछ ।

७७. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी कर्मचारी प्रशासनलाई थप व्यवस्थित बनाइने छ

७८. कर्मचारीहरुलाई Right person in right place को नीति वमोजिम जिम्मेवारी प्रदान गरिनेछ। योग्यता, क्षमता, अनुभव, विज्ञताको आधारमा कर्मचारीहरुको आन्तरिक व्यवस्थापन गरिनेछ साथै स्थानीय सेवा प्रवाहलाई चुस्त बनाउन गाउँपालिका र अन्तर्गत कार्यरत करार सेवाका कर्मचारी तथा शिक्षकहरूको पारिश्रमिकमा पुनरावलोकन गर्न आवश्यक बजेट विनियोजन गरी तलब वृद्धि गरिनेछ।

७९. श्रम ऐनको व्यवस्था र सामाजिक सुरक्षाको मर्म अनुरूप गाउँपालिका अन्तर्गतका करार सेवाका कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा सूचीकृत गरी गाउँपालिकाको तर्फबाट ब्यहोरिने योगदान रकमका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८०. कर्मचारीहरुलाई उत्प्रेरित हुन अवसर सृजना गर्ने, क्षमता अभिवृद्धिका विभिन्न अवसर सृजना गर्ने लगायत सहि समयमा र उपयुक्त स्थानमा योग्य व्यक्ति (Right man in right place at right time) को अवधारणा अनुसार कार्य गरिनेछ ।

८१. पालिकाको सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, पारदर्शी, मितव्ययी र अनुमानयोग्य बनाउन सूचना प्रविधिको अधिकतम प्रयोग, दक्ष र यथेष्ट कर्मचारी व्यवस्थापन सहित नागरिक सन्तुष्टि सर्वेक्षण गरिनेछ।

८२. संघीयता कार्यान्वयन पश्चात वडा कार्यालयको कामको चाँपमा अत्याधिक रुपमा वृद्धि हुदै गएको तर वडामा कार्यरत जनशक्ति कम भएकोले जनसंख्या र कार्य चाँपको आधारमा थप जनशक्ति व्यवस्थापन गरिदै लगिने छ ।

८३. वडा कार्यालय र गाउँ कार्यपालिकाको कार्यालयको कार्यसम्पादनलाई पारदर्शी र जवाफदेही तुल्याई सुशासन प्रवर्द्धन, साझा सरोकारका विषयमा छलफल गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।

८४. गाउँपालिकाको केन्द्र तथा वडा तहमा सार्वजनिक सुनुवाई गरी सेवाग्राहीबाट प्राप्त हुने सुझाब तथा गुनासोको व्यवस्थापन गरिनेछ ।

८५. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) थप व्यवस्थित गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८६. आर्थिक वर्ष २०८३/८४ को स्वीकृतनीति, बजेट तथा कार्यक्रम अनुरूप वार्षिक कार्योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

८७. गाउँपालिकामा कार्यरत कर्मचारीहरुमध्ये उत्कृष्ट कार्यसम्पादन गर्ने ३ जना कर्मचारीलाई सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ ।

८८. गाउँक्षेत्रभित्र छरिएर रहेका अब्यवस्थित बस्तीलाई नेपाल सरकारको समन्वयमा ब्यबस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

राजस्व तथा वित्त ब्यबस्था सम्बन्धी नीति :

८९. गाउँपालिकाले संबिधान तथा कानुन बमोजिम असुल गर्ने राजस्व (कर तथा गैरकर ) प्रशासनलाई न्यायोचित, पारदर्शी र बैज्ञानिक बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

९०. करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रुपमा सहभागी गराउन समग्र राजस्व प्रणालीलाई करदाता मैत्री बनाइनेछ ।

९१. कर तथा गैरकर राजस्वको अनुगमन गर्न बिशेष टोली गठन गरी परिचालन गरिनेछ ।

९२. गाउँपालिकामा निर्धारण गरिएको कर संकलन कार्यलाई ब्यबस्थित बनाउनका लागि एक द्वार कर प्रणालीको व्यवस्था गरिनेछ ।

९३. गाउँपालिकाको आन्तरिक आय वृद्धि, राजस्व दायरा विस्तार तथा संकलन प्रणालीलाई प्रभावकारी बनाउन राजस्व सुधार योजना तयार गरिनेछ। यस योजनामार्फत कर प्रशासनलाई व्यवस्थित, पारदर्शी र प्रविधिमैत्री बनाइनेछ।

९४. यस आर्थिक वर्षदिखि गाउँपालिकाको राजस्व संकलन कार्यलाई थप व्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाउन अनलाइन प्रणालीमार्फत राजस्व संकलन गरिनेछ। यसबाट सेवाग्राहीलाई सहज सेवा प्रदान गर्नुका साथै राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाइनेछ।

## कृषि सम्बन्धी नीति :

९५. स्थानीय समुदायलाई करेसाबारी, तथा व्यवसायीक फलफुलखेतीलाई प्रोत्साहन गर्ने नीति लिइनेछ

९६. किसान सूचिकरण कार्यक्रम संचालन गरी किसान परीचय पत्र बितरण गरिने छ । स्थानीय तथा रैथाने बालीको संरक्षण, प्रवर्द्धन र व्यावसायीकरणमा विशेष जोड दिइनेछ।

९७. सुनौला हजार दिनका आमा तथा बालबालिकालाई लक्षित पोषणमैत्री कृषि कार्यक्रम सञ्चालन गरिनेछ।

९८. उन्नत बीउबिजन, कृषि सामग्री तथा प्रविधिको पहुँच विस्तार गरिनेछ।

९९. कृषिमा युवा तथा महिलाको सहभागिता बढाई स्वरोजगार र उद्यमशीलता विकास गरिनेछ।

१००. जलवायु परिवर्तन अनुकूल तथा वातावरणमैत्री कृषि प्रणालीलाई प्रोत्साहन गरिनेछ।

१०१. जैविक खेती, प्राङ्गारिक मल उत्पादन तथा विषादीको सुरक्षित प्रयोगलाई प्रवर्द्धन गरिनेछ।

१०२. सिँचाइ, कृषि सडक, संकलन केन्द्र तथा भण्डारण लगायत कृषि पूर्वाधार विकासलाई प्राथमिकता दिइनेछ।

१०३. कृषक समूह, सहकारी तथा निजी क्षेत्रसँग साझेदारी गरी कृषि व्यवसायीकरणलाई प्रवर्द्धन गरिनेछ।

१०४. फलफूल, तरकारी, आलु, सिमी, फापर, उवा, जौ लगायत उच्च मूल्यका बालीको उत्पादन विस्तार गरिनेछ।

१०५. कृषकको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी, कृषक पाठशाला तथा अध्ययन अवलोकन कार्यक्रम सञ्चालन गरिनेछ।

१०६. बाँझो तथा उपयोगविहीन कृषि योग्य जमिनको उपयोगलाई प्रोत्साहन गरिनेछ।

१०७. कृषि उत्पादनको बजारीकरण, मूल्य श्रृंखला विकास तथा आयआर्जन वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१०८. कृषि क्षेत्रको तथ्यांक व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाइनेछ।

१०९. कृषि क्षेत्रको समग्र विकासमार्फत गाउँपालिकालाई खाद्य सुरक्षायुक्त, पोषणमैत्री र आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ।

११०. कृषि तथ्याङ्क डिजिटल माध्याम वाट संकलन गरी अध्यावधिक गरिने छ ।

१११. स्थानीय स्तरमा उत्पादन हुने आलु, स्याउ तथा गुँरास र सिमिको बजारीकरणका लागि आवश्यक व्यवस्था मिलाईनेछ

CamScanner

११२. बिषादीको प्रयोगले मानव स्वास्थ्यमा पर्ने असर वारे सचेतना कार्यक्रम संचालन गरीने छ । गुणस्तर खाद्य बस्तु प्रयोगका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

११३. साइपाल गाउँपालिकामा उत्पादन हुने घरेलु तथा भिर माहुरीको महलाई संकलन गरि वजार सम्म निर्यातको व्यवस्था गरिनेछ ।

११४. सार्बजनिक निकायमा संचालन हुने बैठक सभा गोष्ठी जस्ता कार्यहरुमा स्थानीय स्तरमा उत्पादन अन्न बालीको अनिवार्य रुपमा खाजाको प्रयोग गरिनेछ ।

११५. दलहन वाली क्षेत्र बिस्तार गरी दलहन वाली निर्यात गिरने छ ।

## पशु स्वास्थ्य सम्बन्धी नीति :

११६. पशुपालनलाई ब्यबस्थित गर्न पशुजन्य ब्यवसायको अभिलेखीकरण र पशुपन्छी दर्ता गर्ने कार्यको शुरुवात गरिनेछ ।

११७. घरपालुवा, रोगी, घाइते पशुपन्छीहरुलाई उपचार गर्ने तथा बन्ध्याकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११८. गरिव, दलित तथा न्यूनस्तरका बर्गलाई बाखापालनबाट आत्मनिर्भरता बनाउने नीति लिईएको छ

११९. याक तथा चौरी प्रवर्धन कार्यक्रम संञ्चालन गरिनेछ ।

१२०. भेडा पालन ब्यवसाय लाइ प्रवर्धन गरिने छ ।

१२१. आन्तरिक तथा बाह्य प्रजिवि सम्बन्धी सचेतना कार्यक्रम लागु गरिन्छ ।

१२२. भेडा बाखा पालन सम्बन्धी व्यवसायको लागी उन्नत जातको बोका तथा थुमाको व्यवस्था गरिनेछ ।

१२३. पशु रोग महामारी सम्बन्धी खोप व्यवस्थापन गरिनेछ ।

१२४. दलित, जनजाति तथा आर्थिक—सामाजिक रूपमा पिछडिएका टोलहरूमा आयआर्जन वृद्धि र जीविकोपार्जन सुधार गर्न पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत रोजगारी सिर्जना, आत्मनिर्भरता तथा गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याइनेछ।

## पोषण सम्बन्धी निति:

१२५. पोषण अवस्थामा सुधार ल्याउनका लागी बहुक्षेत्रीय पोषण योजनालाई निरन्तरता दिइनेछ । विपन्न तथा गरिव अवस्थाका सुनौला हजार दिनका आमाहरूको आयआर्जन सुदृढीकरणका लागि अनुदान सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

१२६. गाउँपलिकामा सुनौलो हजार दिनका महिला वालवालिका र किशशोरीमा हुने कुपोषणको अवस्थामा सुधार ल्याउन बहुक्षेत्रीय पोषण योजनालाइ प्राथमिकताका साथ निरन्तरता दिइनेछ ।

१२७. गाउँपालिकामा बालबालिका, गर्भवती तथा सुत्केरी महिला र जोखिममा रहेका समूहहरूको पोषण स्थिति सुधार गर्न पोषणसम्बन्धी कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

१२८. सन्तुलित आहार, पोषण सचेतना तथा स्थानीय उत्पादनको उपयोगलाई प्रोत्साहन गर्दै कुपोषण न्यूनीकरणमा जोड दिइनेछ।

१२९. गाउँपालिकाको केन्द्र देखी वडा नं ४ र ५ मा खाद्यन्न दुवानीको व्यवस्था गाउँपालिकाबाट निरन्तरता दिइनेछ ।

## सामाजिक विकाससँग सम्बन्धी नीति :

१३०. सामाजिक सुरक्षा भत्तालाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन बैंकिङ प्रणालीमार्फत वितरण हुदै आएको सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई निरन्तरता दिइनेछ।

१३१. लाभग्राहीहरूको दर्ता तथा नवीकरण प्रक्रियालाई थप विश्वसनीय बनाउन बायोमेट्रिक भेरिफिकेसन प्रणालीमार्फत नवीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१३२. पालिकामा रहेका नागरिकहरुको व्यक्तिगत घटना दर्तालाई थप प्रभावकारी बनाउनका लागि विभिन्न साता ब्यापी सचेतनामुलक कार्यक्रम र अभियानहरु संचालन गरिनेछ ।

१३३. साइपाल गाउँपालिकाले राज्यको नीति तथा नियमलाई पूर्ण रूपमा अवलम्बन गर्दै यस आर्थिक वर्षदेखि पालिकामा छुट भएका सबै नागरिकहरूको अनिवार्य राष्ट्रिय परिचय पत्र दर्ता तथा वितरणको उचित व्यवस्था गरिनेछ।

१३४. भौगोलिक विकटताका कारण नागरिक बैंक वा पालिका केन्द्रसम्म आउन नसक्ने अवस्थालाई सम्बोधन गर्न अत्याधुनिक बायोमेट्रिक प्रविधि (आइरिस र फिंगरप्रिन्ट) सहितको सेवा वडामै पुऱ्याइनेछ।

१३५. बैंक नभएका वडाहरू (वडा नं. ३, ४ र ५) मा बैंकिङ पहुँच पुऱ्याउन पालिका र सम्बन्धित वित्तीय संस्थाको लागत साझेदारीमा सुरक्षित वित्तीय सेवा प्रवाह गर्ने।

१३६. सञ्चारको अभाव रहेका क्षेत्रमा 'अफलाइन' डाटा संकलन प्रणाली चुस्त बनाउने र कार्यालयको प्रशासनिक क्षमता बढाउन आवश्यक कम्प्युटर तथा मेसिनरी सामग्रीको उपलब्धता सुनिश्चित गर्ने।

१३७. शाखाको दैनिक कार्यसम्पादन, अनलाइन/अफलाइन डाटा इन्ट्री र अभिलेख व्यवस्थापनका लागि उच्च क्षमताका कम्प्युटर, ल्यापटप, प्रिन्टर, पावर ब्याकअप (सञ्चार र बत्ती नहुँदा पनि चल्ने) र आवश्यक कार्यालय मसलन्द एवं दर्ता किताब छपाइको व्यवस्था गरिनेछ।

१३८. वैशाख महिनामा "व्यक्तिगत घटना दर्ता सप्ताह" विशेष रूपमा मनाइनेछ। एक वडाबाट अर्को वडा जान दिनभरि हिंड्नुपर्ने बाध्यतालाई अन्त्य गर्न सबै वडाहरूमा "एकीकृत घुम्ती शिविर"

CamScanner

आयोजना गरी घरदैलोमै सामाजिक सुरक्षा नवीकरण, नयाँ नाम दर्ता र घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईँसराइ) सेवा प्रदान गरिनेछ।

१३९. वडा नं. १ र २ मा मात्र बैंक सीमित भएकाले, बाँकी वडाका नागरिकलाई भत्ता बुझ्न र प्रविधि प्रयोग गर्न सजिलो होस् भनी वडास्तरमै बैंकिङ साक्षरता तथा प्रविधि प्रयोग सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१४०. गाउँबासीहरुलाई सीपमूलक तालिम दिई आय आर्जन सम्बन्धी क्रियाकलापमा सहभागी गराइनेछ। महिलाले संचालन गर्ने व्यवसायका लागि सहकारी गठन, बीउपूँजी र व्यवस्थापन तालिम प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१४१. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, कुरीति, हिंसा अन्त्य गर्न महिला जागरण, वित्तीय तथा कानुनी सारक्षता र शसक्तिकरणका कार्यक्रमहरु वडातहबाट समेत संचालन गरिनेछ ।

१४२. बाबुआमा बिहिन बालबालिकाको संरक्षणका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ ।

१४३. बिपन्न, दलित, आदिबासी र अपाङ्गता भएका गाउँबासीहरुका लागि बिशेष संरक्षणका कार्यक्रमहरु संचालन गरिनेछ ।

१४४. ४० वर्ष देखी ७० वर्ष उमेर समुहका एकल पुरुषहरुलाई प्रदान गर्दै आएको सुरक्षा भत्तालाई निरन्तरता दिईनेछ ।

१४५. वृद्ध भत्ता खाने समुहका ज्येष्ठ नागरिकहरुको घरमा गई स्वास्थ्य परीक्षण गर्ने ब्यवस्था मिलाइनेछ

१४६. ६८ बर्ष नाघेका ज्येष्ठ नागरिहरुलाई साइपाल गाउँपालिकाका वडा कार्यालयहरुसँग समन्वय गरी नेपाल सरकारले तोकेका औषधीहरु निःशुल्क उपलब्ध गराउन आवश्यक समन्वय गरिनेछ

१४७. ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभब पुस्तान्तरण र हस्तान्तरण गर्न वडाको समन्वयमा ज्येष्ठ नागरिक मिलन केन्द्रको स्थापना गरिनेछ ।

१४८. स्थानीय तहका जनप्रतिनिधिले उल्लेख्य तथा उदाहरणीय भूमिका निर्वाह गरेवापत एकजना महिला र एक जना पुरुप जनप्रतिनिधिलाई सम्मान प्रदान गरिनेछ ।

१४९. स्थानीय समुदायवाट उत्पादन गरिएका सामाग्रीहरु कोसेलीघर मार्फत खरीद बिक्रीको ब्यवस्था मिलाइनेछ ।

## खेलकुद सम्बन्धी नीति :

१५०. खेलकुद गतिविधिको विकास, युवा प्रतिभा पहिचान तथा स्वस्थ र सक्रिय जीवनशैली प्रवर्द्धनमा सहयोग पुर्‍याउन गाउँपालिका स्तरिय खेलमैदान निर्माणका लागि आवश्यक पहल गरिनेछ।

१५१. विभिन्न स्थानीय मेला पर्वको अवसरमा आयोजना गरिने खेलकुद प्रतियोगिता लाई निरन्तरता दिईनेछ ।

CamScanner

**श्रम रोजगार तथा उद्यमशीलता प्रवर्धन सम्बन्धी नीति :**

१५२. स्थानीय स्तरमा रोजगारी सिर्जना गरिनेछ कार्यक्रम सञ्चालन गरिनेछ।

१५३. बैदेशीक रोजगारी, आंशिक रोजगारी तथा बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा अद्यावधिक गरिनेछ।

१५४. सार्वजनिक तथा निजी क्षेत्रसँग समन्वय गरी रोजगारका अवसर विस्तार गरिनेछ ।

१५५. बजारको मागअनुसार सीपमूलक तालिम सञ्चालन गरिनेछ।

१५६. युवा, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गलाई सिपमुलक तालिममा प्राथमिकता दिइनेछ।

१५७. स्थानीय स्रोत, साधन र सम्भावनामा आधारित उद्यम स्थापना गर्न प्रोत्साहन गरिनेछ।

१५८. वित्तीय साक्षरता तथा बजार व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ।

१५९. स्टार्टअप तथा साना उद्यमलाई प्रविधि र नवप्रवर्तनमा सहयोग गरिनेछ।

१६०. उद्यमीलाई सहुलियतपूर्ण ऋण तथा अनुदान कार्यक्रममा पहुँच पुर्याउन आवश्यक सहजिकरण गरिनेछ।

**सहकारी सम्बन्धी नीति :**

१६१. सहकारी संस्थाको दर्ता, नबिकरण कार्यलाई निरन्तरता दिइनेछ ।

१६२. बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम ब्यबस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ ।

१६४. गाउँपालिका भित्र रहेका सबै बचत तथा ऋण, कृषि र बहुउद्देश्यीय सहकारीहरूलाई चालु आर्थिक वर्षभित्र अनिवार्य रूपमा सहकारी सूचना प्रणालीमा (COPOMIS) अनिवार्य आबद्ध गराइनेछ।

१६५. उत्पादन, बचत तथा उद्यमशीलता विकासमा सहकारीलाई प्रभावकारी माध्यमका रूपमा उपयोग गर्दै स्थानीय आर्थिक विकासलाई टेवा पुर्‍याइनेछ।

१६६. सहकारीको सञ्चालनमा पारदर्शिता, सुशासन र सदस्य केन्द्रित सेवा सुनिश्चित गरिनेछ।

**विपद व्यवस्थापन सम्बन्धी नीति :**

१६७. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी, व्यवस्थित तथा परिणाममुखी बनाउन स्थानीय विपद् व्यवस्थापन सम्बन्धी आवश्यक कानुन, कार्यविधि तथा योजनातर्जुमा, परिमार्जन र कार्यान्वयन गरिनेछ।

CamScanner

१६८. विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि निर्माण तथा कार्यान्वयन गरी विपद् प्रभावित नागरिकलाई समयमै राहत, उद्धार तथा पुनःस्थापनाको व्यवस्था गरिनेछ।

१६९. गाउँपालिकामा सम्भावित विपद् जोखिमहरूको पहिचान, न्यूनीकरण तथा प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) निर्माण गरी कार्यान्वयन गरिनेछ। यस योजनामार्फत विपद् व्यवस्थापनका लागि आवश्यक स्रोत, साधन, जनशक्ति तथा जिम्मेवारीहरूको व्यवस्था गरिनेछ।

१७०. स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) लाई प्रभावकारी रूपमा सञ्चालन गरी विपद् सम्बन्धी सूचना व्यवस्थापन, समन्वय तथा प्रतिकार्य कार्यलाई अगाडी बनाइनेछ।

१७१. स्थानीय विपद् व्यवस्थापन समिति तथा वडा विपद् व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी विपद् व्यवस्थापनमा सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

१७२. विपद् व्यवस्थापन सम्बन्धी जनचेतनामूलक कार्यक्रम, अभिमुखीकरण, तालिम, कृत्रिम अभ्यास (Mock Drill) तथा स्वयंसेवक परिचालनका कार्यक्रम सञ्चालन गरिनेछ।

१७३. साइपाल गाउँपालिकाको विपद जोखिम नक्सांकन (Hazard Mapping) गरिनेछ ।

१७४. वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका लागि व्यापक रूपमा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१७५. विपद् प्रभावित व्यक्तिहरूलाई तत्काल उद्धार, राहत तथा आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। साथै, सबै प्रकारका विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरिनेछ।

१७६. स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यलाई प्रभावकारी, व्यवस्थित र संस्थागत बनाउन गाउँपालिकामा **विपद् व्यवस्थापन शाखा** स्थापना गरिनेछ। यस शाखाले विपद् पूर्वतयारी, प्रतिकार्य, राहत, उद्धार, पुनःस्थापना तथा पुनर्निर्माण सम्बन्धी सम्पूर्ण कार्यहरू सञ्चालन, समन्वय र अनुगमन गर्नेछ।

## सूचना प्रविधि सम्बन्धी नीतिः

१७७. साइपाल गाउँपालिकाबाट प्रबाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रबर्धन गरिनेछ ।

१७८. सूचना तथा प्रविधिमा पहुँच विस्तार गरी सेवा प्रवाहलाई प्रभावकारी, छरितो र पारदर्शी बनाउने उद्देश्यले स्थानीय तहका राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधिहरूलाई कृत्रिम बौद्धिकता (AI) सम्बन्धी आधारभूत तथा प्रयोगात्मक तालिमको व्यवस्था गरिनेछ।

१७९. आर्थिक वर्ष २०८३/०८४ मा वडा नं. ४ र ५ मा सञ्चार सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले नेपाल टेलिकम (NTC) को टावर निर्माणका लागि आवश्यक पहल गरिनेछ।

१८०. गाउँपालिकाको कार्यालयबाट प्रवाह हुने सेवा—प्रवाहलाई व्यवस्थित, पारदर्शी र सुरक्षित बनाउन तथा कार्यालयको भौतिक सम्पत्तिको संरक्षण र अनुगमनलाई प्रभावकारी बनाउन गाउँपालिका कार्यालयमा CCTV निगरानी प्रणाली जडान गरी सञ्चालन गरिनेछ।

१८१. गाउँपालिका भित्र उपलब्ध सबै प्रकारका सूचना तथा तथ्याङ्कलाई व्यवस्थित, एकीकृत र अद्यावधिक रूपमा संकलन गरी सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन कम्प्युटर सूचना प्रणालीमा आबद्ध गरिनेछ। यसका लागि सूचना तथा प्रविधि शाखालाई निरन्तरता दिई थप सुदृढीकरण गरिनेछ।

१८२. गाउँपालिका भित्र रहेका स्रोत साधन सेवा केन्द्र लगायत सम्पुर्ण नागरिकहरुको पेश व्यवसाय सामाजिक आर्थिक अवस्था रोजगारिको सहिताका विवरणहरु समावेश गरि विद्युतिय स्थानिय पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ ।

१८३. नागरिकहरुको सूचनाको हकको सम्मन गर्दै साइपाल गाउँपालिकालाई सूचना मैत्री बनाईनेछ ।

१८४. कार्यालयको गतिविधिहरुलाइ निरन्तर सूचना प्रवाह गर्न सामाजिक सञ्जालहरु फेसबुक युट्युबमा र टिकटक आधिकारिक एकाउण्टबाट अझ प्रभावकारी रुपमा प्रयोग गरिनेछ ।

## बन, तथा बातावरण नीति

१८५. वन डढेलो, जंगल फडानी रोकथाम तथा नियन्त्रणका लागि पूर्वतयारी, जनचेतना तथा आपतकालीन प्रतिकार्य कार्यक्रम सञ्चालन गरिनेछ ।

१८६. पहिरो तथा भू—क्षयको उच्च जोखिम भएका क्षेत्रहरूमा जोखिम न्यूनीकरणका लागि वृक्षारोपण कार्यक्रम सञ्चालन गर्ने नीति लिईनेछ।

१८७. सामुदायिक वनहरूको नक्साङ्कन (Mapping) गरी वन संरक्षणलाई व्यवस्थित गरी सामुदायिक वनहरूको नवीकरण, संस्थागत सुदृढीकरण तथा आवश्यकतानुसार क्षेत्र विस्तार गरिनेछ।

१८८. पर्यावरण संरक्षण, जडिबुटी विकास तथा वन संरक्षणलाई जोड दिँदै जडिबुटी खेती प्रवर्द्धनका कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१८९. जलाधार क्षेत्रहरूको संरक्षणका लागि आवश्यक अध्ययन, अनुसन्धान तथा अन्वेषण कार्यहरू सञ्चालन गरिनेछ।

१९०. जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न अनुकूलन तथा उत्थानशील कार्यक्रमहरू सञ्चालन गर्दै आवश्यक पहल गरिनेछ।

CamScanner

१९१. जलवायु परिवर्तनसम्बन्धी तथ्याङ्क संकलन तथा अनुसन्धानलाई प्राथमिकता दिई स्थानीय जलवायु सूचना प्रणाली विकास गरिनेछ।

१९२. विद्यालय तथा समुदायस्तरमा वातावरण शिक्षा तथा हरित सचेतना कार्यक्रम सञ्चालन गरी वातावरण संरक्षणप्रति जनचेतना अभिवृद्धि गरिनेछ।

१९३. वन्यजन्तु संरक्षण तथा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि आवश्यक अध्ययन, पूर्वाधार तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१९४. जीविकोपार्जनको मुख्य स्रोतका रूपमा रहेका जडीबुटी तथा यार्सा संकलन हुने क्षेत्रमा बढ्दो मानवीय चाप तथा लोभका कारण हुन सक्ने वातावरणीय क्षति न्यूनीकरण गर्न आवश्यक व्यवस्थापन नीति अवलम्बन गरिनेछ। यस्ता क्षेत्रहरूमा फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ र प्लास्टिकजन्य सामग्रीको प्रयोग न्यूनीकरणका लागि नियमन तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## लैङ्गिक समानता तथा सामाजिक समाबेशिकरण नीतिः

१९५. गाउँपालिकाका सबै योजना, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रियामा GEDSI दृष्टिकोण अनिवार्य रूपमा समावेश गरिनेछ, ताकि लक्षित समूहहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित होस्।

१९६. अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्न सबै सार्वजनिक भवन, सेवा केन्द्र तथा भौतिक संरचनाहरूलाई क्रमशः अपाङ्गतामैत्री बनाइनेछ।

१९७. गाउँपालिकामा रहेका सबै नागरिकबीच समानता कायम गर्दै सामाजिक समावेशीकरण प्रवर्द्धन गर्ने उद्देश्यले लक्षित समूहहरूलाई लक्षित गरी लैङ्गिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) सम्बन्धी विविध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१९८. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक तथा पछाडि परेका समुदायलाई लक्षित गरी क्षमता अभिवृद्धि, अभिमुखीकरण, नेतृत्व विकास तथा अधिकार सम्बन्धी सचेतन कार्यक्रम सञ्चालन गरिनेछ।

१९९. यस गाउँपालिकामा प्रत्येक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GEDSI) अडिट (Gender Audit/Social Audit) लाई निरन्तरता दिइनेछ।

२००. गाउँपालिका अन्तर्गत रहेका सबै सार्वजनिक निकाय, कार्यालय तथा सेवा केन्द्रहरूमा क्रमशः GEDSI अडिट प्रणाली लागू गर्दै लैजाने व्यवस्था मिलाइनेछ। यसबाट नीति, योजना तथा कार्यक्रमहरूमा समावेशीता, समान अवसर र पहुँचको सुनिश्चित गरिनेछ।

अन्त्यमा,

साइपाल गाउँपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बिचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट साइपाललाई समृद्ध, सुरक्षित र जीवन्त साँस्कृतिक पालिका बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ । यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण गाउँवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ । साथै गाउँपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ निकाय, गाउँपालिकाका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु ।

धन्यबाद

मानविर बोहरा

गाउँपालिका अध्यक्ष

२०८३ असार ०९ गते बुधबार

# साइपाल गाउँपालिकाको आ.व. २०८३/०८४ को बार्षिक कार्यक्रम तथा बजेट बक्तब्य

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्य ज्यूहरु**

साइपाल गाउँपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गाउँसभा समक्ष आगामी आ.व. २०८३।०८४ को वजेट प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी तथा गौरवान्वित भएको छु । यस अवसरमा संघीय लोकतान्त्रिक राज्य स्थापनाका लागी जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

नेपालको संविधान जारी भई मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना भएको १० वर्ष पुरा भएको छ । नेपालको मूल राज्य संरचनामा संघ, प्रदेश र स्थानीय तह रहेका छन भने तिनै तहले नेपालको राज्य शक्तिको प्रयोग नेपालको संविधान तथा कानुन वमोजिम प्रयोग गर्दै आएका छन । नेपालको संविधान को अनुसुचि ८ मा स्थानीय तहको अधिकारको स्पष्ट रुपमा उल्लेख भएको र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँ सभाले बनाएको कानुन बमोजिम हुने व्यवस्था रहेको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको आर्थिक अधिकार संम्बन्धि विषयमा कानुन बनाउने, वार्षिक वजेट बनाउने, नीति बनाउने, निर्णय गर्ने, योजना तयार गर्ने तथा त्यसको कार्यान्ययन गर्ने संबैधानिक व्यवस्था रहेको छ । स्थानीय तहले वर्ष असार १० गते सम्म आफ्नो बजेट गाउँ सभामा पेश गर्नु पर्ने कानुनी प्रावधान रहेको छ ।

राज्य पुनर्सरचना संगै नेपालमा स्थापना भएका ७५३ वटा स्थानीय तह मध्ये वझाङ्ग जिल्लामा अवस्थित साइपाल गाउँपालिका पनि एक हिमाली दुर्गम, पिछडिएको भौगौलिक विगटता तथा सडक संजालले जोडिन बाँकी रहेको स्थानीय तह हो । ऐतिहासिक साविक काँडाबासीको चरम उत्कर्षको आन्दोलन बाट प्राप्त साविक काँडा गाउँपालिका राज्यबाट नामाकरण गरिएता पनि आ.व. २०७४।०७५ को गाउसभाको निर्णय तथा मिति २०७४।०९।२४ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार यस गाउँपालिकाको नाम स्थानीय साइपाल हिमालको नामले नामाकरण गरि काँडा गाउँपालिकाबाट साइपाल गाउँपालिका नामकरण गरिएको हो। बझाङ जिल्लाको उत्तरी भागमा अवस्थित साइपाल गाउँपालिकाको कुल क्षेत्रफल १,४६७.२७ वर्ग कि.मी. रहेको छ । सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक, शैक्षिक, संचार र पूर्वाधारको क्षेत्रमा निकै पछाडी रहेको यो गाउँपालिका वझाङ्गको कुल क्षेत्रफल मध्ये साइपाल गाउँपालिकाले लगभग ४३ प्रतिशत क्षेत्रफल ओगटेको छ । जिल्ला सदरमुकाम भन्दा निकै टाडा (३२ कोष ) रहेको यो गाउँपालिका चीनको स्वशासित क्षेत्र तिव्वतको ताक्लाकोटसंग जोडिएको छ । भौगोलिक हिसावले काँडा गाविस ठूलो भएकोले एक मात्र गाविसलाई साइपाल गाउँपालिका वनाएका थिए।

यस गाउँपालिकाको पूर्वमा बाजुरा,पश्चिममा दार्चुला, उत्तरमा हुम्ला जिल्ला र चीनको स्वशासित क्षेत्र तिव्वत र दक्षिणमा वझाङ जिल्लाको बुंगल नगरपालिका, सुर्मा गाउँपालिका र तलकोट गाउँपालिकासँग सिमाना जोडिएको छ । समुन्द्री सतहको २९ डिग्री ३१ मिनेट ४८ सेकेन्ड देखि २९ डिग्री ३६ मिनेट ६६ सेकेन्ड उत्तरी अक्षांश सम्म र ८१ डिग्री १४ मिनेट २४

सेकेन्ड देखि ८१ डिग्री २४ मिनेट १२ सेकेन्ड मा पूर्व देशान्तर सम्म फैलिएको छ । यस गाउँपालिका बझाङ जिल्लाको जिल्ला सदरमुकाम चैनपुर देखि ५० किमीको दुरीमा उत्तर भागमा रहेको छ ।

यस गाउँपालिकाको कुल क्षेत्रफल १,४६७.२७ वर्ग कि.मी. रहेको छ । जसमध्य बनजंगलको क्षेत्रफल १,४६,३९८ हेक्टर, सामुदायिक वनको क्षेत्रफल ४५८ हेक्टर, कवुलियत वनको क्षेत्रफल २८९ हेक्टर, कुन वन तथा झाडी क्षेत्र १,४६,३९८ हेक्टर र सरकारद्वारा व्यवस्थित वनको क्षेत्रफल १,४५,६५० हेक्टर रहेको छ । यस गाउँपालिकामा १७ वटा सामुदायिक वन, ९ वटा कवुलियत वन रहेका छन्। गाउँपालिका भएर अविरल बगिरहने, सेती नदी, लोकन्ते खोला, थरुनी खोला र गनै गाड यहाँका मुख्य प्राकृति सम्पदाहरु हुन् । सिंचाइको मुख्य श्रोतको रुपमा रहेको यी खोलानालाहरुमा एउटा पनि सिंचाई नहरहरु छैन । जैविक विवधताका हिसावले उच्च पर्वतिय चिसो हावापानीमा पाइने जीव तथा वनस्पति गुराँस, सल्ला, बाँझ, धुपी सल्ला, नाव्रर, झारल, बाघ, भालु, रतुवा, थार, घोरल, कस्तूरी, व्वासो, मलि सार्पो, स्याल, वदेल, गुना, वादर, दुम्सी, थार मूख्यरुपमा रहेका छन् । चराचुरुङ्गीहरुमा डांफे, कालिच, चाखूरा, मुनाल, फक्रास, हलेसा, पिउरा, ढुकुर, काग, गिद्ध, वाज, गरुल, चिल, कोइली, भेकुरा, चांचर, सुगा, डिगल्चा, सिमाल चरी, लासीकोसेरा, जलेवा, निलकष्ठ, पादी किट्टो, डाल्ने, पाट्के, सराइना, कोकलसांरा, भगेरा, खूईखुरे, भेकुडा, रानी चरो, फूल चरो आदि पाइन्छन् ।

जडिबुटीका रुपमा पाखनबेद, सतु, यार्सागुम्बा, वन लसून, घुच्ची च्याउ, भ्याकुर, निरमसी, पदमचाल, पाषणवेद, पांचऔले, सतुवा, सर्पगन्ध, सुगन्धवाल, ओखर, काफल, चिराईतो, भ्याउ, धुपी, पलांस, दालचिनी, काउलो, भोगपत्र, सुनपाती, लौटसल्ला, टिमुर जटामसी, कटुकि, , उतिस, आदिरहेका छन् । अन्य खानीहरुमा खरी, क्रिस्टील, सिसो, फलाम, सिलाजित आदि मुख्यरुपमा पाईन्छ । विभिन्न मठ मन्दिर र त्यसले स्थापित गरेका कतिपय एतिहासिक किम्वदन्तीहरुले पनि प्रशस्त प्रर्यटकीय सम्भावना बोकेको छ । हिमालको फेदी तथा पहाडको माथिल्लो भागका अधिकांस स्थानमा वन तथा खर्कहरु रहेका छन् । यस गाउँपालिकाको उत्तरमा देखिने रमणिय साइपाल हिमाल (७०२५ मी.), नाप्पा हिमाल (६७४५मी.), योगा हिमाल (६६४५मी.), उराई भन्ज्याङ्ग (५२०७ मी.), व्यास हिमाल (५६३२ मी.), राक्स्या हिमाल आदि रहेका छन् यस गाउपालिकाले विगत ४ वर्ष देखी संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ तथा कानुन बमोजिम स्थानीय कुसल शासनको अभ्यास गर्दै आएको छौ ।

**चालु आ.व. ०८२/०८३ को वार्षिक कार्यक्रमको समीक्षा**

२०७९ वैशाख ३१ गते स्थानीय तहको दोस्रो निर्वाचन भए पश्चात विगत ४ वर्ष देखी हामी जनप्रतिनिधीहरुले यस गाउँपालिकाको जिम्मेवारी र उत्तरदायित्य बहन गर्दै आएका छौ । आ.व. २०८२।०८३ मा कुल आय अनुमान ३० करोड ४२ लाख ४७ हजार ७८ रुपैयाँ ४५ पैसा रहेकोमा कुल खर्च १० करोड ६० लाख २८ हजार ५ रुपियाँ भएको छ भने केही योजना, कार्यक्रम तथा जनप्रतिनीधि, कर्मचरी तथा शिक्षकको २०८३ बैशाख देखि असार सम्मको त.भ भुक्तानी गर्न बाँकी रहेको छ ।

**आगामि आर्थिक वर्ष २०८३/०८४ को बार्षिक वजेट तथा कार्यक्रम सोच, लक्ष्य, उद्देश्य**

यस गाउपालिकाको दिर्घकालिन सोच "साइपाल गाउबासिको परिकल्पना, सुखी, सम्वृद्ध गाउँवासी हाम्रो चाहाना", साइपाल गाउवासिको परिकल्पना असहाय, अनाथ बालवालिका निशुल्क शिक्षा हाम्रो चाहाना ", "साइपाल गाउँपालिकाको शान हामो पहिचान" साइपाल रहेको छ साथै मुल नारा फराकिलो भुगोल वहुमूल्य यार्सा हामी गर्छौ सुन्दर साइपालको चर्चा। आर्थिक तथा सामाजिक विकास द्धारा मानव विकास सुचांकमा सुधार पूर्वाधार सहितको सम्पन्न गाउँका रुपमा विकसित गरी सम्वृद्ध गाउँ, सम्वृद्ध गाउँवासी बनाउन यस नीति वजेट तथा कार्यक्रमको पहिलो लक्ष्य रहेको छ ।

**आगामि आर्थिक वर्ष २०८३/८४ वजेटका उद्देश्यहरुः**

१. साइपाल गाउँपालिकालाई सडकको पहँच संग जोड्नका लागी गनै धलौन काँडा धुली न्युना सम्म सडक निर्माण गर्नु।
२. गाउँका लागि आधारभुत शिक्षाको पूर्वाधारको विकास गर्नु ।
३. शिक्षा,स्वास्थ्य,पोषण लगायतको विकास गरि मानव विकासको स्तरमा सुधार ल्याउनु ।
४. कृषि तथा पशु विकासको माध्यमबाट उत्पादन वृद्धि गरि आय बृद्धि गर्नु ।
५. लैङ्गिक तथा सामाजिक समावेसिकरणको विकास गर्नु ।
६. जनतालाई सरल सेवा प्रवाह र सुशासनको प्रत्याभुति दिलाउनु ।
७. साइपाल हिमाल पर्यटकीय पदमार्गको विकास गरि पर्यटकहरुको आगमनमा बृद्धि गर्नु
८. सामाजिक सामावेशीकरणको माध्यमबाट मानब संसाधनको विकास गर्नु
९. टेलीफोन सेवा विस्तार गरी नेट इन्टरनेटको माध्यमबाट दैनिक सेवा प्रवाह गर्नु
१०. असाहय,अनाथ टुहुरा वालवालिका लाई निशुल्क शिक्षाको व्यवस्था गर्नु
११. सूचना प्रविधिको प्रयोग गरि विद्युतिय साधनको माध्यमबाट सेवा प्रवाह गर्नु ।
१२. वहुमूल्य जडिबुटि दिन प्रति दिन लोप हुदै गएकाले सो संरक्षण र सम्वद्धन गर्न विस्तृत अध्ययन योजना तयार गर्नु।
१३. महिला लक्षित कार्यक्रम मार्फत सामाजिक समावेशिकरण र समानता कायम गर्नु।
१४. शिक्षा र स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकतामा राखि उच्च मानव जिवनस्तर कायम गर्नु।

**वजेटको उद्देश्य परिपुर्ति गर्न देहायका विषयलाई प्राथमिकता दिएको छः**

१. शिक्षा पूर्वाधारको विकासमा सहयोग पुग्ने ।
२. आर्थिक तथा सामाजिक रुपमा पछाडी परेका वर्गको उत्थान गर्ने ।
३. उत्पादन तथा छिटो प्रतिफल प्रास गर्ने ।
४. लैगिक तथा सामाजिक समावेसिकरणको वृद्धि गर्ने ।
५. दिगो विकास वातावरणिय संरक्षण तथा संरक्षण गर्न सघाउ पुग्ने ।
६. शिक्षा, स्वास्थ्य तथा पोषण जस्ता सामाजिक पक्षको सुधार गर्ने ।
७. सुशासन तथा सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता हुने ।
८. आर्थिक विकास तथा गरिवि निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने ।

CamScanner

**वार्षिक वजेट कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीतिहरु तथा कार्यक्रमहरुः**

आ.व.२०८३।०८४ को वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा निम्न विषयहरुलाई आधार लिएको छ ।

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन २०७४
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४
४.अन्तर सरकारी वित व्यवस्थापन ऐन २०७४
५.नेपाल सरकारको आवधिक विकासका योजना
६. उपलब्ध स्रोत साधन
७. विकासका अन्तर संवन्धित विषयहरु
८. गाउँपालिका द्धारा वनाइएका ऐन, नियमावली, नीति तथा कार्यविधि
९. संघ तथा प्रदेशवाट प्राप्त परिपत्रहरु
१०. सम्बन्धित विषय विज्ञको सुझाव सलाह ।
११. स्थानीय जनताका आकांक्षा र आवश्यकता

वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन बमोजिम संघ र प्रदेश सरकारबाट प्राप्त वजेट सिमा, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण, वस्ति तथा वडा तहमा योजना छनौट तथा प्राथमिकरण, वजेट तथा कार्यक्रम तर्जुमा गाउँकार्यपालिकाबाट वजेट तथा कार्यक्रम स्विकृत गरि कानुनले तोकेको समय असार १० गते भित्र यस गाउँसभामा प्रस्तुत गरिएको छ ।

**वार्षिक वजेट तथा कार्यक्रम तजुर्मा गर्दा देहाय वमोजिमका समष्टिगत नीतिहरु अवलम्बन गरिएको छ।**

१. स्थानीय सरकार संचालन ऐन २०७४ ले तोकेका कार्य तथा जिम्मेवारी सम्पादन गर्न सहयोग पुऱ्याउने ।
२. साविक नेपाल सरकारबाट संचालन हुदै आएको तर हाल स्थानीय तहले निरन्तरता दिनु पर्ने कार्यक्रमहरुलाई निरन्तरता दिने ।
३. शिक्षा,स्वास्थ्य जस्ता आधारभुत सेवाहरु संचालन गर्ने कार्यक्रमहरुलाई गाउँपालिकाको अपनत्व हुनेगरि प्रभावकारी रुपमा संचालनमा ल्याउने ।
४. स्रोत साधन वितरण गर्दा भौगोलिक, विषय क्षेत्रगत समुदायगत र वातावरणीय सन्तुलन कायम गरिने ।
५. विकास योजनाहरुलाई प्रभावकारी उपलब्धी मुलक बनाउन आयोजना संख्या सिमिति गरी ठुला तथा गाउँपालिका स्तरिय गौरबका आयोजनाहरु संचालन गर्ने । वडा लाई वडाको जनसख्या, क्षेत्रफल र विकासको अवस्थाका आधारमा वडागत वजेट कार्यक्रम उपलब्ध गरीने छ ।

गाउँको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक विकासमा सहयोग पुऱ्याउने सम्पूर्ण साइपाल गाउँपालिकावासिहरु, बुद्धिजिवी, समाजसेबी एवम सम्पुर्ण सरोकारवाला व्यक्तिहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु । साथै यो नीति कार्यक्रम तथा वजेट बक्तव्य कार्यान्वयनमा सबै पक्षको चौंतर्फी सहयोग रहने अपेक्षा गरेको छु ।

**धन्यबाद**

**डोल्मा तामाङ्ग**
गाउँपालिका उपाध्यक्ष
२०८३ असार १० गते मंगलबार